# माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइरालाले प्रदेश सभाको बैठकलाई गर्नु भएको सम्बोधन

प्रदेश सरकार

प्रदेश नं. ३, मकवानपुर, हेटौडा

२०७६ जेष्ठ १४

www.ocmcm.p3.gov.np

**माननीय सभामुखज्यू,**
**माननीय सदस्यहरु,**

१) नेपालको संविधानको कार्यान्वयनसँगै तीन तहका सरकार गठन भई समृद्धि र विकासतर्फ अगाडि बढिरहेको सन्दर्भमा प्रदेश सरकारको दोस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गरिमामय सदनमा उपस्थित भएको छु। संघीयता कार्यान्वयनको परिप्रेक्ष्यमा यस गरिमामय सभामा उपस्थित भई प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

२) यस महत्वपूर्ण घडीमा संघीयता तथा गणतन्त्र प्राप्तिको संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पूर्खा तथा अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा वहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

३) नेपाली जनताको बलिदानीपूर्ण संघर्षवाट प्राप्त संविधान बमोजिम सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूबाट बनेको यो सरकार प्रदेशभित्र लोकतन्त्रका आधारभूत मूल्य मान्यता; मानव अधिकारको संरक्षण, सुशासन, उत्तरदायी सरकार, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, विधिको शासन र जनताका आधारभूत हक अधिकारप्रति सचेत रहँदै **“स्वस्थ, सुसंस्कृत र सुखी**

**जनता; समाजवादउन्मुख समृद्ध प्रदेश"** भन्ने सोचका साथ **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय अकांक्षा पूरा गर्ने नेपाल सरकारको अभियानप्रति पूर्ण प्रतिवद्ध छ।

४) नेपालको संविधानले अङ्गीकार गरेको सार्वजनिक-निजी-सहकारीको माध्यमबाट तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकासको लक्ष्य प्राप्त गर्ने, सन्तुलित, सुदृढ, समावेशी र समन्यायिक अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ, सक्षम र कर्मशील जनशक्ति उत्पादन गर्ने, प्रभावकारी रोजगारीका अवसरहरू सृजना गरी उत्पादित जनशक्तिलाई स्वदेशमै टिकाउने, आर्थिक असमानता घटाउने, भ्रष्टाचारमुक्त चुस्त प्रशासन र वित्तीय सुशासनको उपयुक्त रणनीतिका माध्यमबाट प्रभावकारी सुशासन कायम गर्ने उद्देश्य लिएको यो सरकार समाजवादउन्मुख अर्थतन्त्रको आधारशीला तयार गर्न दृढ सङ्कल्पित छ।

५) अभाव, अशिक्षा, भोकमरी, गरिबी, बेरोजगारी, पछौटेपन, सीमान्तीकरण, बञ्चितीकरण, विभेदीकरण एवम् सामाजिक कुरीतिका चक्रव्यूहलाई तोड्न शक्ति, स्रोत र अवसरमा समन्यायिक पहुँच स्थापित गर्न यो सरकार प्रतिवद्ध रहनेछ।

**माननीय सभामुखज्यू,**

६) सम्वत् २०७५ साल जेष्ठ १८ गते प्रदेश सभाको बैठकलाई मैले गरेको पहिलो सम्बोधन मार्फत उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने, सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम

जनशक्ति विकास गर्ने, रोजगारीका अवसर सृजना गर्ने, विकासलाई समावेशी र सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने र उत्कृष्ट नतिजा हासिल गर्ने व्यक्त सङ्कल्प अनुरुपको गहन जिम्मेवारी पूरा गर्न प्रदेश सरकार निरन्तर लागिरहेको छ।

७) संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने नेपालको संविधानको मर्म अनुरुप संघ र स्थानीय तहका सरकारसँग सघन समन्वयमा रही आफ्नो कार्य सम्पादन गर्न यो सरकार प्रतिवद्ध छ।

८) राजनीतिक संघीयता सँगै प्रशासनिक र वित्तीय संघीयता समान रुपमा कार्यान्वयन हुन नसक्दा गत वर्ष घोषित नीति तथा कार्यक्रमहरुले सोचे जति परिणाम दिन नसके तापनि प्रदेश सरकार स्थापना र सञ्चालन भएको एक बर्षको यस अवधिमा नीतिगत, संस्थागत र संरचनागत आधारशीलाहरू तयार भएका छन्। संघीय शासन प्रणालीको सफल कार्यान्वयनका लागि प्रदेश सरकारको भूमिका सुदृढ र समुन्नत हुँदै गएको छ।

९) प्रदेश सरकारले तर्जुमा गर्नुपर्ने भनी पहिचान गरिएका कानुनहरुमध्ये आवश्यकताका आधारमा छब्बीसवटा ऐन जारी भई कार्यान्वयनमा आएका छन्। दुईवटा ऐन प्रमाणीकरणको क्रममा छन्। ऐनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न नियमावली, निर्देशिका र कार्यविधिहरु जारी भएका छन्। थप ऐन जारी गर्ने सन्दर्भमा एघारवटा विधेयक प्रदेश सभामा छलफलको प्रकृयामा रहेका छन्।

१०) प्रदेशस्थित तेह्र वटै जिल्लामा सरकारको उपस्थिति सुनिश्चित गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन प्रशासनिक संरचनाहरू खडा भई कर्मचारी समायोजन हुने कार्य अन्तिम चरणमा पुगेको छ। सरकारको कार्यसम्पादनका लागि सात मन्त्रालय तथा सात निर्देशनालय र कार्यसञ्चालनका लागि एकसय एकाउन्न वटा कार्यालय अन्तर्गत करीव पैंतीस सयको सङ्ख्यामा कर्मचारी दरवन्दी स्वीकृत भएको छ।

११) प्रदेशमैत्री संगठन संरचना निर्माण गर्न आगामी आर्थिक बर्षभित्र सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण कार्य पूरा गर्ने गरी प्रदेश सरकारको प्रशासनिक संरचनालाई आवश्यकता र औचित्यका आधारमा थप व्यवस्थित तुल्याउन सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य प्रारम्भ भएको छ।

१२) दिगो विकासका लक्ष्य हासिल गर्न र प्रदेशको दीर्घकालीन लक्ष्य सहित जनमैत्री योजनाको खाका तर्जुमा गर्न **प्रदेश विकास परिषद्** गठन भएको छ। प्रदेश नीति तथा योजना आयोग गठन भई सञ्चालनमा आएको छ।

१३) प्रदेश सरकारको सार्वजनिक प्रशासनमा शासकीय स्वच्छता कायम गर्न **भ्रष्टाचार विरुद्धको रणनीति, २०७५-७९** जारी गरिएको छ। भ्रष्टाचार विरुद्धको अभियानलाई थप परिणाममुखी बनाउन वित्तीय सुशासन रणनीति र भ्रष्टाचार विरुद्धको रणनीतिक कार्ययोजना तयार गर्ने कार्य प्रारम्भ भएको छ।

१४) मानव अधिकार उल्लङ्घनका घटनाहरू रोक्न, प्रभावितलाई न्याय तथा क्षतिपूर्ति दिलाउन तथा सामाजिक पुनर्स्थापना गर्न विभिन्न कार्यक्रम सञ्चालन भएका छन्।

१५) प्रदेश तथा स्थानीय तहकाबीच नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँटफाँट तथा योजना व्यवस्थापनमा रणनीतिक साझेदारी सम्बन्धी विषयमा समन्वय गर्न **प्रदेश समन्वय परिषद्**को बैठक सम्पन्न भई **तेह्र बुँदे साझा प्रतिवद्धता** जारी गरिएको छ।

१६) प्रदेशको पार्श्वचित्र तयार गरी आगामी पाँच बर्षका लागि आवधिक योजनाको आधारपत्र तयार गरिएको छ। सबै निर्वाचन क्षेत्र र स्थानीय तहको जनसाङ्खिक विवरण, मानव विकास सूचकाङ्क र पूर्वाधार लगत सहितको वस्तुस्थिति विवरण तयार गरिएको छ।

१७) आवधिक योजनाको आधारपत्रले दिशानिर्देश गरे बमोजिमका क्षेत्रहरुमा लगानी आकर्षित गर्ने उद्धेश्यले चितवनको भरतपुरमा निजी क्षेत्रसँग वृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

१८) संघीयता कार्यान्वयनमा सहयोग गर्ने मित्रराष्ट्रहरुसँग अनुभव र सहयोग आदान-प्रदान गर्ने सिलसिलामा हालै मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको गान्सु प्रान्त र यस प्रदेशबीच भगिनी सम्बन्ध कायम गर्ने गरी द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ।

१९) जिल्ला सदरमुकाम तथा नजिकको लोकमार्गदेखि स्थानीय तहको केन्द्रसम्मका सडकलाई स्तरोन्नति गर्ने लगायतका कार्यक्रम

अन्तर्गत एकसय अन्ठाउन्नवटा सडक र एघारवटा सडकपुलको निर्माण कार्य अगाडि बढाइएको छ।

२०) एकीकृत वस्ती विकास तथा जग्गा एकीकरण कार्यक्रम मार्फत जोखिमयुक्त र छरिएर रहेका बस्तीहरुलाई स्थानान्तरण गरी व्यवस्थित गर्न विभिन्न पाँच स्थानमा बिस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

२१) सबै खेतीयोग्य जमिनमा आगामी पाँच बर्षभित्र सिँचाइ सुविधा सुनिश्चित गर्न उनान्चालीसवटा योजनाहरूको बोलपत्र आह्वान गरिएको र बीसवटा सिँचाइ योजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य अन्तिम चरणमा रहेको छ। जलउत्पन्न प्रकोप नियन्त्रणका लागि सन्तानब्बे स्थानमा नदी नियन्त्रण तथा पहिरो नियन्त्रणको कार्य अगाडि बढाइएको छ।

२२) यातायात सेवालाई व्यवस्थित र मर्यादित बनाउन तथा सेवाग्राहीहरुलाई दिइने सेवा सुविधालाई प्रभावकारी तुल्याउन सुझाव लिने उद्देश्यले तेह्र सदस्यीय कार्यदल गठन गरी कार्य प्रारम्भ भएको छ।

२३) दिगो शान्ति स्थापनाको लागि बिभिन्न किसिमका राजनीतिक आन्दोलनमा सहिद तथा बेपत्ता भएका परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई शिक्षा र स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गर्न र सीप अभिबृद्धिमा सहयोग पुऱ्याउन **द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७५** जारी

गरी कार्यान्वयनमा ल्याइएको छ। यस वर्ष **मकवानपुरमा सहिद रुद्र पाखीन स्मृति पार्क र धादिङमा श्रमिक सहिद स्मारक पार्क** निर्माण गर्ने कार्य अगाडि बढाइएको छ।

२४) विभिन्न क्षेत्रमा रहेको सिण्डिकेट एवम् कार्टेलिङ्ग, प्राकृतिक स्रोत साधनको अनाधिकृत दोहन, सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण, लागु औषध ओसारपसार र बेचबिखन, जबरजस्ती चन्दा असुली लगायत सबै गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न विभिन्न कार्यक्रम सञ्चालन भएका छन्।

२५) प्रदेशभित्र क्रियाशील सञ्चारमाध्यमलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाउन **प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५** जारी भई कार्यान्वयनमा आएको छ। सञ्चार रजिष्ट्रारको नियुक्ति भई कार्य प्रारम्भ भएको छ।पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत नेपाल पत्रकार महासंघ, प्रदेश नम्वर तीनको समितिलाई कार्यसञ्चालनमा सहजीकरण गर्न कार्यालय भवन र अनुदान उपलब्ध गराइएको छ।

२६) बाढी, पहिरो, आगलागी र प्राकृतिक प्रकोपबाट पीडित नागरिकलाई राहत उपलब्ध गराउन तथा उद्धारमा सहयोग गर्न **प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५** र **प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५** जारी भई **प्रदेश विपद् व्यवस्थापन कोष** सञ्चालनमा ल्याइएको छ। प्रदेश नम्वर दुईको बारा र पर्सामा मिति २०७५ साल चैत्र सत्र गते

आएको हावाहुरीबाट प्रभावितहरुको आवास निर्माणमा सहयोग पुऱ्याउन प्रदेश सरकारबाट **एक करोड रुपैंया** सहयोग उपलब्ध गराइएको छ। नुवाकोटको घ्याङफेदीमा सवारी दुर्घटनामा परी ज्यान गुमाउने परिवारका सदस्यलाई तत्काल राहतको लागि प्रति परिवार रु. एक लाखका दरले जम्मा रु. वाइसलाख उपलब्ध गराइएको छ।

२७) स्रोत साधनमा पर्याप्त पहुँच नभएका र विभिन्न किसिमले अन्यायमा परेका महिला, दलित र अपाङ्गता भएका व्यक्ति लगायत विभिन्न वर्ग, समुदायलाई स्थानीय तहबाट प्रदान गरिने सेवा प्रवाहमा सहयोग र सहजीकरण गर्न गाउँपालिकाहरूमा कानुनी सहजकर्ताको व्यवस्था मिलाइएको छ।

२८) कारागारलाई सुधार गृहको रुपमा रुपान्तरण गर्दै लैजाने नीति अनुरुप भीमफेदी कारागारमा महिला बन्दीगृह निर्माण कार्य प्रारम्भ गरिएको छ। प्रदेशस्थित प्रहरी संगठनको सुदृढीकरण गर्ने कार्यक्रम अन्तर्गत अठ्चालीसवटा प्रहरी इकाइका भवनहरू निर्माण गर्ने कार्य अगाडि बढाइएको छ।

**माननीय सभामुखज्यू,**

२९) **"दिगो वन, उत्पादनमुखी धन"** र **"जहाँ वन, त्यहाँ व्यवस्थापन"** एवम् **"जहाँ बाँझो, त्यहाँ वृक्षारोपण" भन्ने** नीति कार्यान्वयन गर्न चार हजार पाँच सय नौवटा सामुदायिक वन, तीन हजार एक सय

पच्चीसवटा कबुलियती वन तथा एउटा संरक्षित वन व्यवस्थापन गर्ने काम भइरहेको छ।

३०) स्वच्छ वातावरण, सफा प्रदेश निर्माण, जलवायु परिवर्तन प्रभाव न्यूनीकरण तथा अनुकूलन, जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाइ एवम् हरियाली व्यवस्थापन, प्रदूषण नियन्त्रण र नदीहरूको बहाव सन्तुलन गर्ने कार्यक्रम अन्तर्गत प्लाष्टिक व्यवस्थापन तथा नियन्त्रणका लागि कार्ययोजना तयार गरी तीनवटा नगरपालिकामा कार्यक्रम सञ्चालन भइरहेको छ।

३१) **"हामी सबै उद्यमी"** भन्ने नाराका साथ महिला, युवा, दलित तथा नवउद्यमीहरूलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने सिलसिलामा नौ हजार एक सय सातवटा उद्योग दर्ता तथा नौ हजार आठ सय आठवटा उद्योग नवीकरण भएका छन्। औद्योगिक क्षेत्र विकास गर्ने उद्देश्यले मकवानपुरको मनहरी र सिन्धुलीको मरिनमा सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडि बढेको छ।

३२) पर्यटकीय स्थल संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरी प्रदेशलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न **पर्यटन विकास आयोजना** सञ्चालनमा ल्याइएको छ। यस अन्तर्गत आठवटा हिलस्टेशनको बिस्तृत परियोजना प्रतिवेदन तयार भएको, प्रल्हाद योञ्जन रेडपाण्डा पदमार्ग सुचारु भएको, गोञ्जला पास सञ्चालनका लागि नेपाली सेना मार्फत प्रकृया अगाडि बढाइएको र प्रदेश सरकारको पहलमा

जुगल हिमाल आरोहण खुल्ला भई प्रथम आरोहण समेत सफलतापूर्वक सम्पन्न भएको छ।

३३) **नेपाल भ्रमण वर्ष सन् २०२०** लाई प्रभावकारी बनाउन प्रदेशस्तरीय मूल सहजीकरण तथा आयोजक समिति गठन गरी क्रियाशील बनाइएको छ। प्रदेशको पर्यटन ब्राण्ड तथा लोगो तयार गरी प्रचारप्रसारका कार्यक्रमहरु सञ्चालन भएका छन्। प्रदेशभित्र दशवटा नयाँ पर्यटकीय गन्तव्य पहिचान गरिएको छ।

३४) उपभोक्ताको हकहित संरक्षण गर्दै उपभोग्य वस्तुको गुणस्तर तथा मापदण्ड तयार गरी नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई पूर्ण प्रतिस्पर्धी बनाउन **बजार अनुगमन निर्देशिका** जारी गरिएको छ। प्रदेशभित्र लगानीमैत्री वातावरण सृजना गर्न **प्रदेश व्यवसाय मञ्च** गठन गरिएको छ।

३५) प्राकृतिक स्रोतको दिगो संरक्षणका लागि तेह्रवटै जिल्लामा एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालनमा ल्याइएको छ। नदिजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणलाई प्रभावकारी बनाउन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

३६) विज्ञान र प्रविधिको विकास र बिस्तार गर्ने नीति अन्तर्गत त्रिभुवन विश्वविद्यालयसँगको सहकार्यमा युवा वैज्ञानिक सम्मेलन सम्पन्न भएको छ। प्रदेशको **विज्ञान नीति** तयार गरी कार्यान्वयनमा ल्याइएको छ। यही जेष्ठ २२ र २३ गते काठमाडौंमा **सार्कस्तरीय युवा बैज्ञानिक सम्मेलन** आयोजना हुन गइरहेको छ।

३७) प्रदेशस्तरीय विषादी अवशेष नियमन प्रयोगशाला स्थापना र सञ्चालनका लागि आवश्यक यन्त्र उपकरणको खरिद प्रकृया अगाडि बढाइएको छ। पशु स्वास्थ्य सेवालाई सुलभ बनाउन भेटेरिनरी एम्बुलेन्सको खरिद प्रकृया अन्तिम चरणमा रहेको छ।

३८) **"स्थानीय स्रोत तथा सीपमा आधारित एक पालिका एक विशेष उत्पादन, एक टोल एक उद्यम कार्यक्रम"** कार्यान्वयन गर्न क्षेत्र निर्धारणको कार्य अगाडि बढाइएको छ। सिन्धुलीको दुधौली नगरपालिका र सुनकोसी गाउँपालिका तथा चितवनको माडी नगरपालिका समेत तीन स्थानमा तीनसय उनन्चास बिघा क्षेत्रमा **सामूहिक खेती प्रणाली** शुरु भएको छ।

३९) प्रदेशका विभिन्न तेह्र स्थानमा शीत भण्डार र चितवनको भण्डारामा कृषक पाठशाला तथा कृषि पशुपंक्षी तालिम केन्द्र भवन निर्माण गर्न बोलपत्र आह्वान गरिएको छ। सिन्धुली, मकवानपुर र चितवन जिल्लाका विभिन्न अठ्तीस स्थानमा डिप बोरिङ्ग निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

४०) राप्ती नगरपालिका र खैरहनी नगरपालिकास्थित चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा वन्यजन्तु एवम् मानवबीचको द्वन्द्व व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्न सुरक्षित घेराबार निर्माण गर्ने गरी ठेक्का सम्झौता भई कार्य प्रारम्भ भएको छ।

४१) तरकारी तथा फलफूल प्रशोधन गर्ने सुविधा सहितको आधुनिक कृषि बजार स्थापना गर्न प्रदेश सरकार र गैरआवासीय नेपाली संघबीच समझदारी पत्रमा हस्ताक्षर भई कार्य प्रारम्भ भएको छ।

४२) सहकारी संस्थाहरूको अभिलेख व्यवस्थित गर्न कोपोमिस सफ्टवेयरमा प्रविष्ट गर्ने कार्य सम्पन्न भएको छ। **“प्रदेश ३ मा सहकारी र गरिबीको अवस्था”** बिषयक पुस्तक प्रकाशन गरिएको छ।

४३) **“शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता”** भन्ने नाराका साथ विभेदकारी शिक्षाको अन्त्य गर्न शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत माध्यामिक तहका शिक्षकहरुलाई तालिम, छात्रवृत्ति वितरण र परीक्षा सुदृढीकरण कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। सबै विद्यालयमा सूचना प्रविधिको अनिवार्य र अधिकतम प्रयोग, कम्प्युटर ल्याब स्थापना, इ–लाइब्रेरी सञ्चालन र शिक्षक तालिम सहितको **स्मार्ट कक्षा** सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत स्थानीय तह मार्फत बीसवटा विद्यालयमा आइसिटी ल्याब सञ्चालनमा ल्याइएको छ।

४४) प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनका लागि नीतिगत अवधारणाको मस्यौदा तयार भएको छ। उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि **सामुदायिक क्याम्पसहरुको सवलीकरण सहयोग अनुदान** अन्तर्गत एकसय अठ्ठाईसवटा क्याम्पसहरुलाई भौतिक तथा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न अनुदान सहयोग उपलब्ध गराइएको छ।

४५) **"सबैका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने नाराका साथ प्रदेश खेलकुद ऐन, २०७५ तथा नियमावली, २०७६ जारी गरी **प्रदेश खेलकुद विकास परिषद्** गठन भई प्रदेश तहमा खेलकुद क्षेत्रको संस्थागत नेतृत्व प्रदान गर्ने काम भएको छ।

मकवानपुरको गौरीटारमा **अन्तर्राष्ट्रिय खेलकुद प्रशिक्षण प्रतिष्ठान** र प्रदेश भित्र एघारवटा रङ्गशाला, एक्काइसवटा कभर्डहल र तेत्तीसवटा खेल मैदान निर्माण गर्ने काम भइरहेको छ।

४६) बेचबिखन र हिंसामा परेका महिलाको उद्धार गर्न **"पुनस्थापना केन्द्र"** सञ्चालनमा ल्याइएको छ। पुनस्थापन केन्द्रमा रहेका त्यस्ता महिलाहरुको रोजगारी एवम् स्वरोजगारीका लागि साझेदारीमा आधारित सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ।

४७) बालबालिकाको हक अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्ने उद्देश्यले **प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७५** जारी गरी असहाय, अनाथ तथा आपत्कालीन अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्न **आपत्कालीन बाल संरक्षण कोष** स्थापना गरिएको छ।

४८) हेटौंडा, सिन्धुली, भक्तपुर, धादिङ्ग र चौतारा समेत पाँचवटा अस्पतालबाट नमूनाका रुपमा सुरुवात भएको **मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम** मार्फत विपन्न, अल्पसंख्यक तथा लोपोन्मुख जाति, शहीद तथा बेपत्ता परिवार, सशस्त्र द्वन्द्वका घाइते एवम् महिला स्वास्थ्य स्वयम् सेविका समेत दश हजार व्यक्तिलाई स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराई स्वास्थ्य स्थितिबारे सुसूचित हुन र स्वस्थ जीवनशैली अपनाउन प्रेरित गरिएको छ।

४९) नमूनाको रुपमा सुरुवात गरिएको **"एक विद्यालय, एक नर्स"** कार्यक्रम अन्तर्गत तेह्र जिल्लाका बीसवटा सामुदायिक विद्यालयका करिव पच्चीस हजार विद्यार्थी र शिक्षकहरुलाई प्राथमिक उपचार लगायत प्रबर्द्धनात्मक स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। हेटौंडा अस्पताललाई **मदन भण्डारी स्वास्थ्य विज्ञान** प्रतिष्ठानको रुपमा विकास गर्न प्रदेश सभामा विधेयक प्रस्तुत भएको छ।

५०) सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा जिल्लाका तीन गाउँपालिकामा सञ्चालन गरिएको महिला तथा बालस्वास्थ्य प्रवर्द्धन कार्यक्रम मार्फत साठीवटा आमा समूहका करिव पन्ध्र सय घर परिवारका महिला तथा बालबालिकाहरुलाई प्रवर्द्धनात्मक स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। पाँचवर्ष मुनिका बालबालिकामा देखा परेको कुपोषण न्यूनीकरण गर्न स्थानीय तह मार्फत पोषण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन भएका छन्।

५१) **महिला उद्यमशीलता प्रोत्साहन कार्यक्रम** अन्तर्गत महिला उद्यमीहरुलाई उत्पादन कार्यमा प्रेरित गर्न विभिन्न प्रदर्शनीमा सहभागी गराउने र उत्कृष्ट महिला सहकारी संस्थालाई पुरष्कृत गर्ने कार्य भएको छ। स्थानीय तहको नीति निर्माणमा महिला जनप्रतिनिधिहरुको अर्थपूर्ण सहभागितालाई प्रोत्साहित गर्न नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गरिएको छ।

५२) मानव वेचविखन तथा ओसारपसार, हिंसा प्रभावित महिला तथा बालबालिका, असक्त, असहाय जेष्ठ नागरिक लगायतको संरक्षण गर्न तथा "**सहयोगापेक्षी सडक मानव**" मुक्त प्रदेश बनाउने

अभियानमा योगदान पुऱ्याउन विभिन्न संघ संस्थाहरुको साझेदारीमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन्। अपाङ्गता भएका व्यक्तिहरुको लागि सचेतनामूलक कार्यक्रम र सीपमूलक तथा रोजगारमूलक तालिम प्रदान गरिएको छ।

५३) भूकम्पबाट क्षतिग्रस्त विद्यालयको भौतिक संरचना पुनर्निर्माण अन्तर्गत उनन्तीसवटा विद्यालयको भवन निर्माण कार्य अगाडि बढाइएको छ। सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर तथा पूर्वाधार सुधार गर्ने कार्यक्रम अन्तर्गत विद्यालयको भवन निर्माण कार्यलाई अभियानको रुपमा अघि बढाउन छब्बीसवटा विद्यालयको भवन निर्माण, छैसठ्ठीवटा विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था र बीसवटा विद्यालयमा इ-लाइब्रेरी तथा स्मार्ट बोर्डको व्यवस्था गरिएको छ।

५४) शिक्षा, स्वास्थ्य, कृषि, पशु, खेलकुद र सामाजिक विकासका क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले एकसय सोह्रजना **प्रदेश विकास स्वयम्सेवक** छनौट गरी परिचालन गरिएको छ।

५५) युवा बैज्ञानिकहरुलाई प्रोत्साहन गर्न कृषि, उद्योग, पर्यटन, जलवायु तथा वातावरण, जैविक विविधता, जनस्वास्थ्य, जीव-प्रविधि, सूचना-प्रविधि, ईञ्जिनियरिङ्ग, नविकरणीय उर्जा, विद्युत् संग्रह जस्ता क्षेत्रमा अनुसन्धान तथा विकासको लागि **युवा बैज्ञानिक प्रोत्साहन कोष** स्थापना गरी नवप्रवर्तकहरुको पहिचान गर्न प्रस्ताव आह्वान गरिएको छ।

५६) प्रदेश सरकार स्थापनाको एक वर्ष पूरा भएको अवसरमा सरकार स्थापना र सञ्चालनको क्रममा सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थाहरुलाई सम्मान र राष्ट्रसेवक कर्मचारीलाई पुरस्कृत गरी सरकारले वर्षभर सम्पादन गरेका विषयवस्तुहरु समेटिएको **प्रदेश सरकारको एक वर्ष** नामक पुस्तिका प्रकाशन गरिएको छ।

**माननीय सभामुखज्यू,**

५७) अव म, आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु। प्रस्तावित नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आवधिक योजनाका दीर्घकालीन लक्ष्यहरु प्राप्त भई प्रदेशवासीको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु।

५८) मन्त्रालय तथा निकायहरूबीचको सहयोग र समन्वयलाई चुस्त र प्रभावकारी बनाई सेवा प्रवाह र विकास निर्माणका क्रियाकलापहरूलाई पारदर्शी र परिणाममुखी बनाइनेछ। तीन तहका सरकारबीच सघन समन्वय कायम गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा **स्मार्ट कक्ष** स्थापना गरिनेछ।

५९) प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता अभिबृद्धिका लागि **स्थानीय विकास प्रशिक्षण केन्द्रलाई** प्रदेश मातहत ल्याई कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६०) सार्वजनिक प्रशासनलाई व्यवसायिक, प्रतिष्पर्धी, नतिजामुखी र परिवर्तनसँगै परिवर्तन हुन सक्ने तुल्याउन मद्दत पुग्ने गरी पन्ध्रवर्षे

**प्रदेश सार्वजनिक प्रशासन गुरुयोजना** तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

६१) प्रदेश सरकारको शासकीय प्रबन्ध व्यवस्थित गर्न संगठनात्मक संरचना सुदृढ गरी कर्मचारी व्यवस्थापन कार्य प्रभावकारी बनाइनेछ। सेवा प्रवाहलाई नागरिकमैत्री तुल्याउन नयाँ सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (ओ एण्ड एम) गरी प्रशासनिक संरचनालाई जनमुखी बनाइनेछ। नेपालको संविधानले प्रदेशको अधिकार अन्तर्गत अनुसूचीमा व्यवस्था गरेका विषयसँग सम्वन्धित तर्जुमा गर्न बाँकी कानुनहरू तर्जुमा गरिनेछ।

६२) प्रशासनिक संरचनालाई कार्यमूलक बनाउन आवश्यक जनशक्ति व्यवस्थापनका लागि **मानव संशाधन विकास योजना तथा तालिम नीति** जारी गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायमा कर्मचारीलाई आकर्षित र उत्प्रेरित गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ। कर्मचारीलाई कामप्रति जिम्मेवार, जवाफदेही र जागरुक बनाई उत्प्रेरित तुल्याउन **"प्रदेश निजामती सेवा पुरस्कार"**को व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।

६३) प्रदेश निजामती सेवा, अन्य प्रदेश सरकारी सेवा तथा **प्रदेश लोक सेवा आयोग** गठन तथा सञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सेवाका कर्मचारीको विवरण अद्यावधिक गर्न **प्रदेश निजामती अभिलेख केन्द्र** स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

६४) सार्वजनिक सेवा जनमुखी, उत्तरदायी, जवाफदेही र परिणाममुखी तुल्याउन न्यूनतम मापदण्ड सहितको **प्रदेश सार्वजनिक सेवा सञ्चालन निर्देशिका** जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

६५) विकास आयोजनाहरूको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीतिगत एवम् संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ। नीति तथा कार्यक्रम कार्यान्वयनलाई नतिजामुखी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा **फलोअप डेस्क** स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

६६) प्रदेश सरकारको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था मिलाउन **प्रदेश सार्वजनिक सम्पत्ति व्यवस्थापन निर्देशिका** जारी गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेशको अधिकारक्षेत्र भित्रका विकास निर्माण सम्बद्ध योजना तथा आयोजनाहरू समयमै हस्तान्तरण तथा बरबुझारथ गरी कार्यक्रममा हुन सक्ने अवरोध तथा दोहोरोपन आउन नदिन संघीय सरकारसँग समन्वय गरी आगामी आर्थिक वर्षभित्र प्रदेश सरकार मातहत ल्याउन पहल गरिनेछ।

६७) प्रदेश सरकारका मन्त्रालय एवम् मातहतका निकायहरूको कार्य सम्पादनलाई थप व्यवस्थित बनाउन आवश्यक जग्गा-जमिन, भवन लगायत भौतिक पूर्वाधार र मेसिनरी औजार प्रदेश मातहत ल्याउन यथोचित पहल गरिनेछ।

६८) सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी बनाई प्रभावकारी तुल्याउन प्रचलित सार्वजनिक खरिद ऐन अनुरूप **प्रदेश सार्वजनिक खरिद निर्देशिका** जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

६९) प्रदेश सरकारलाई नागरिकप्रति थप जवाफदेही तुल्याउन आवश्यक संयन्त्रको विकास गरी विभिन्न कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। शासकीय स्वच्छता र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखी सरकारका क्रियाकलापहरू पारदर्शी र अनुमानयोग्य बनाउन **सुशासन रणनीति** जारी गरी कार्यान्वयनमा ल्याइनेछ। मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरूबाट सम्पादन हुने प्रशासनिक क्रियाकलाप बढी बैज्ञानिक र जनमुखी बनाउन **व्यवस्थापन परीक्षण निर्देशिका** तयार गरी कार्यान्वयन गरिनेछ।

७०) प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूको सम्पत्ति विवरण प्राप्त गर्ने र संरक्षण तथा अभिलेखीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

७१) स्थानीय तहबीच समन्वय गर्न, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न, सो को अनुगमन गर्न, जिल्लामा रहने संघ र प्रदेश सरकारका कार्यालय तथा गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्न र प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्न जिल्ला समन्वय समितिको भूमिकालाई थप सुदृढ तुल्याउने गरी कार्यविधिसहित आवश्यक स्रोत साधनको व्यवस्था मिलाइनेछ।

७२) प्रदेश सरकारले **भ्रष्टाचारमा शून्य सहनशीलता**को नीति अवलम्बन गर्नेछ। भ्रष्टाचार विरुद्धको रणनीतिलाई व्यापक रुपमा तल्लो तहसम्म सम्प्रेषण गरी मर्यादित, पारदर्शी, सक्षम प्रशासन निर्माण गर्न कार्ययोजना तर्जुमा गरी कार्यान्यनमा ल्याइनेछ। भ्रष्टाचार गर्ने विरुद्ध कडा नीति अवलम्वन गरिनेछ।

७३) विकास आयोजनासम्बद्ध बजेट कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न र बजेट कार्यान्वयन गर्ने पदाधिकारीलाई जवाफदेही तुल्याउन आयोजनाको प्रकृति अनुसार आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने अभ्यासको थालनी गरिनेछ। आयोजना कार्यान्वयनमा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन **"जवाफदेही कानुन"** जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

७४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूलाई पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न आवश्यक नीति र मापदण्ड तर्जुमा गरी लागू गरिनेछ। त्यस्ता संस्थाहरुले प्रदेशभित्र कार्यक्रम सञ्चालन गर्नुपूर्व सहमति लिनुपर्ने व्यवस्था गरी अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ।

७५) नागरिकका सरोकारप्रति प्रदेश सरकारलाई थप जवाफदेही बनाउन **जनता-मुख्यमन्त्री संवाद कार्यक्रम** तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

७६) दिगो विकासका सूचक र लक्ष्यहरूलाई स्थानीयकरण गरी निर्दिष्ट लक्ष्य समयमै हासिल गर्न मुख्यमन्त्रीको अध्यक्षतामा गठित **प्रदेश विकास परिषद्**लाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रम सञ्चालन

गरिनेछ। विकास आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक-निजी-सहकारी साझेदारीलाई प्राथमिकता दिइनेछ।

७७) मानव अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको कार्यलाई प्रभावकारी बनाउन प्रदेश मानव अधिकार कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। अपराध नियन्त्रण एवम् मानव अधिकार उल्लंघनका घटनालाई रोक्न तथा पीडितलाई क्षतिपूर्ति र अन्य आवश्यक व्यवस्थाका लागि प्रदेशहरूबीच प्रभावकारी समन्वय गर्ने व्यवस्था मिलाइनेछ। देवानी तथा फौजदारी संहिताका विषयमा जनतालाई सुसूचित गर्न जनस्तरसम्म पुग्ने गरी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७८) प्रदेश सरकारको पहिलो आवधिक योजनाको आधारपत्रको जगमा बसेर प्रदेशको आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। क्षेत्रगत कार्यक्रमहरूलाई दिगो विकासका लक्ष्यहरूसँग आवद्ध गरी प्रतिफल सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ। प्रदेशको आवधिक योजनासँग आवद्धता हुने गरी स्थानीय तहको आवधिक योजना तर्जुमा गर्न सहजीकरण गरिनेछ।

७९) कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सहरीकरण, पूर्वाधार विकास लगायतका क्षेत्रमा आवश्यकता अनुसार दीर्घकालीन योजना तयार गरी विकासको गन्तव्य सुनिश्चित गरिनेछ। वितरणमुखी योजना छनौटको अभ्यासलाई निरुत्साहित गर्न **परियोजना बैंकका** माध्यमबाट योजना छनौट गर्ने प्रणाली स्थापित गरिनेछ।

८०) उद्योग तथा व्यवसाय क्षेत्रको अग्रणी स्थानमा निजी क्षेत्रको भूमिका स्थापित गर्न प्रोत्साहन हुने गरी नीतिगत, कानुनी र प्रणालीगत सुधार गरिनेछ।

८१) प्रदेशको पहिचान स्थापित गर्न भूगोल, उत्पादन तथा स्थान विशेष संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन हुने गरी विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ।

८२) प्रदेश र स्थानीय तहबीचको अपरिहार्य सम्बन्धलाई थप सुदृढ बनाउन **अन्तरप्रदेश, प्रदेश-स्थानीय** तथा **स्थानीय-स्थानीय तहबीच अन्तरसम्बाद, पारस्परिक अन्तरआवद्धता, पारस्परिक सहयोग, असल अभ्यास आदानप्रदान** लगायतका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८३) संघीय सरकारसँग समन्वय गरी संघीयताको अभ्यास गरिरहेका तथा संघीयता कार्यान्वयनमा सहयोग गर्ने मित्रराष्ट्रहरुसँग अनुभव र सहयोग आदान-प्रदान गर्न **"मित्रराष्ट्र प्रादेशिक भगिनी सम्बन्ध"** कायम गर्न जोड दिइनेछ।

८४) **"प्रदेश सरकारको भावना, जिम्मेवार नागरिकको चाहना"** भन्ने सोचका साथ प्रदेशवासीलाई कामप्रति जागरुक बनाउन र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न सार्वजनिक सरसफाई, वृक्षारोपण, सानातिना पेशा व्यवसाय सञ्चालन लगायतका सामाजिक र आर्थिक क्रियाकलापमा संलग्न गराउन सचेतना अभियानसहित विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

८५) वैदेशिक रोजगारबाट फर्किएका मानव संशाधनको आगतसीपलाई प्रदेशमै उपयोग गरी विकासका काममा आवद्ध गराउन प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

८६) काठमाडौं उपत्यकालाई सफा र हरित शहरको रुपमा विकास गर्न महानगरपालिका र नगरपालिकाहरुसँग समन्वय गरी आवश्यक उपकरण लगायतका सहयोगहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८७) महानगरपालिकाहरुसँग सहकार्य गरी महानगरपालिकाभित्र आफ्नै जग्गामा स्थायी बसोवास गरेका खरको छानो भएका घरधनीहरु समेतको सहभागितामा त्यस्ता घरमा जस्ताको छाना लगाउने व्यवस्था मिलाई आगामी दुई वर्षभित्र **खरको छानामुक्त महानगरपालिका** बनाउने नीति कार्यान्वयनमा ल्याइनेछ।

**माननीय सभामुखज्यू,**

८८) आगामी चार वर्षभित्र सतह, भूमिगत, जलाशययुक्त, नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली जस्ता प्रविधिको उपयोग गरी प्रदेशभित्रका सबै खेतीयोग्य जमीनमा दिगो, भरपर्दो तथा वर्षभरी सिँचाइ सुविधा सुनिश्चित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

८९) जलउत्पन्न प्रकोपको जोखिमबाट प्रभावित हुने सम्भावित स्थानहरूको पहिचान गरी त्यसको व्यवस्थापन गर्न नीतिगत र संस्थागत व्यवस्था गरिनेछ। तटबन्ध निर्माण र बाढी पुर्वसूचना

प्रणालीको विकास गर्दै सामुदायिक सचेतना लगायतका कार्यक्रम सञ्चालन गर्न गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

९०) सबै निर्वाचन क्षेत्र समेटिने गरी पूर्वाधार सम्बन्धी योजनाहरु सञ्चालनमा ल्याइनेछ। प्रदेश सभाका सदस्यहरुको संयोजकत्वमा यस्ता योजनाहरु छनौट गरी प्रभावकारी कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ।

९१) संघीय सरकारसँग समन्वय गरी विस्तृत आयोजना प्रतिवेदन तयार भएका जलविद्युत् परियोजनाहरु प्राप्त गरी कार्यान्वयनमा ल्याइनेछ। संघीय सरकारको **उज्यालो नेपाल** अभियानसँग तादात्म्यता हुने गरी सबै प्रदेशवासीका घरघरमा बिजुली पुऱ्याउने नीतिलाई प्राथमिकता दिइनेछ।

९२) प्रदेशमा लगानी प्रवर्द्धनको वातावरण तयार गर्न र जनताको लगानी आकर्षित गर्न **प्रदेश नागरिक लगानी वोर्ड** स्थापना गरिनेछ। प्राथमिकता प्राप्त आयोजनाहरु सञ्चालन गर्न संघीय कानुनसँग तादात्म्यता हुने गरी प्रदेश प्राथमिकता प्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकास सम्बन्धी कानुन जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

९३) सरकारबाट दिइने सेवाहरु एकैथलोबाट प्रवाह गर्न मद्दत पुग्ने गरी सबै जिल्लाहरूमा एकीकृत सरकारी भवन तथा आवास गृह निर्माण गर्न जोड दिइनेछ।

९४) संघीय सरकारको भू-उपयोग नीतिको अधीनमा रही भू-उपयोग गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। आवश्यकता र भौगोलिक अवस्थिति समेतलाई दृष्टिगत गरी **एकीकृत जग्गा तथा वस्ती विकास कार्यक्रम**लाई उच्च प्राथमिकतामा राखी सञ्चालन गरिनेछ।

९५) प्रत्येक घरधुरीमा खानेपानीको पहुँच पुऱ्याउन **"एक घर, एक धारा"** कार्यक्रमलाई निरन्तरता दिँदै अति सुख्खाग्रस्त क्षेत्रमा स्वच्छ खानेपानी आपूर्ति गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। खानेपानी सेवाको प्रभावकारिता अभिवृद्धि गर्न प्राकृतिक स्रोतहरूको संरक्षण र भूमिगत जलको व्यवस्थापन गर्ने नीति अङ्गीकार गरिनेछ। सरसफाई तथा ढल व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

९६) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुसँग सहकार्य र समन्वय गरी स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन मौजुदा खानेपानी बोर्डहरुलाई खानेपानी योजना सञ्चालनका लागि आवश्यक सहयोग गर्ने व्यवस्था मिलाइनेछ।

९७) शहरी क्षेत्रमा देखिएको फोहोरजन्य वस्तुको व्यवस्थापन गर्न **एकीकृत शहरी फोहोरमैला व्यवस्थापन कार्ययोजना** तर्जुमा गरी स्थानीय तहसँगको सहलगानीमा कार्यान्वयन गरिनेछ।

९८) **"गुणस्तरीय पूर्वाधार, समृद्ध प्रदेशको आधार"** भन्ने नाराका साथ पूर्वाधार निर्माणलाई गुणस्तरीय बनाउन नीतिगत व्यवस्था गरिनेछ।

नगरपालिका क्षेत्रभित्र भौगोलिक दृष्टिले कमजोर र संवेदनशील मानिएका स्थानमा पाँच किलोमिटरसम्म दूरी भएका सडक निर्माण गर्दा स्ल्याब ढलान गर्ने नीति अवलम्बन गर्न नगरपालिकाहरुसँग समन्वय र सहयोग गरिनेछ। जग्गा विकास कार्यक्रमका माध्यमबाट सम्भव भएका स्थानहरुमा नयाँ शहर निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

९९) प्रदेश यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। **हेटौंडा-फाखेल-फर्पिङ सडक र हेटौंडा-सिस्नेरी-फर्पिङ सडक**को स्तरोन्नति गर्ने कार्यलाई उच्च प्रथमिकताका साथ कार्यान्वयन गरिनेछ। काठमाडौं उपत्यका पहुँचको दूरीलाई छोटयाउने **चौतारा-सिपाघाट-कात्तिके-काठमाण्डौ** तथा **टोखा-छहरे-नुवाकोट सडक**को स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

१००) **"शहरी सडक पूर्वाधार सुधार, समुन्नत जीवनको नागरिक अधिकार"** भन्ने नाराका साथ प्रदेशस्थित शहरी क्षेत्रका सडकहरुलाई स्तरयुक्त बनाउन **शहरी सडक सुधार कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।

१०१) सडक, सिँचाई, खानेपानी लगायत पूर्वाधारको सहज पहुँच पु¥याउन पूर्वाधार विकास नगरी नहुने अवस्था रहेका स्थानमा आवश्यकता अनुसार **मागमा आधारित पूर्वाधार विकास** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१०२) संघीय सरकारसँगको सहकार्य र समन्वयमा **पुष्पलाल प्रदेश चक्रपथ** (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-चितवन -मकवानपुर-सिन्धुली-काभ्रे) र **पोष्टबहादुर बोगटी सुरुङ्ग मार्ग**

(भीमफेदी-कुलेखानी) परियोजनालाई प्रदेश गौरवको आयोजनाका रुपमा अगाडि बढाइनेछ। संघीय सरकारको सहयोगमा आगामी दुई वर्षभित्र करिव २००० सिट क्षमताको प्रादेशिक सम्मेलन केन्द्र निर्माण गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०३) सवारी साधन दर्ता, नवीकरण र सवारी चालक अनुमति-पत्र लगायतका कामलाई अनलाईन प्रणालीमा आवद्ध गरी प्रदेशमा दर्ता भएका सवारी साधनको लगत अद्यावधिक गरिनेछ।

१०४) सार्वजनिक-निजी-सहकारी साझेदारीमा प्रदेश सार्वजनिक बस सेवा सञ्चालन गरिनेछ। यातायातको चापको आधारमा आधुनिक सुविधा सम्पन्न बस पार्कको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। प्रादेशिक यातायात प्राधिकरणको गठन गर्ने व्यवस्था मिलाइनेछ।

१०५) यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, व्यवस्थित र वातावरणमैत्री बनाइनेछ। सार्वजनिक-निजी-साझेदारीका माध्यमबाट **इलेक्ट्रिक मास ट्रान्जिट प्रणाली** सञ्चालन गर्न नीतिगत व्यवस्था मिलाइनेछ।

१०६) नजिकैको मुख्य कालोपत्रे सडकदेखि जिल्ला सदरमुकाम तथा स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्दै आगामी चार वर्षभित्र कालोपत्रे गरिसक्ने संघीय सरकारको नीतिलाई सघाउ पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१०७) विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण कार्यलाई निरन्तरता दिइनेछ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँगको समन्वयमा

आगामी दुई वर्षभित्र प्रदेश भित्रका सम्पूर्ण क्षतिग्रस्त संरचनाको पुननिर्माण सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०८) विकासका दृष्टिले पछाडि परेको र मानव विकास सूचकाङ्कमा कमजोर रहेको धादिङ जिल्लाको रुबी भ्याली गाउँपालिकाको समग्र विकास र उत्थानका लागि एकीकृत विकासका कार्यक्रमहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१०९) संघीय सरकारसँग समन्वय गरी **सम्बत् २०८५ सम्ममा** काठमाडौं उपत्यका, चितवन, हेटौंडा, बनेपा, धुलिखेल र पनौतिमा पेट्रोलियम पदार्थमा आधारित सार्वजनिक सवारी साधन विस्थापित गर्ने नीतिलाई सफल बनाउन विद्युतीय सवारी साधन सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

**माननीय सभामुखज्यू,**

११०) **प्रदेश प्रहरी सम्बन्धी** कानुन तर्जुमा गरी **प्रदेश प्रहरी** गठन गरिनेछ। सुरक्षा व्यवस्थालाई जनस्तरसम्म मजबुत र सुदृढ बनाउन स्थानीय तहसँग सहकार्य गर्ने नीति लिइनेछ। प्रदेशस्थित कारागारहरूलाई सुधार गृहको रुपमा रुपान्तरण गर्न सघाउ पुग्ने गरी बन्दीगृह निर्माण गरिनेछ। कारागारमा रहेका कैदी बन्दीहरुको लागि सीपमूलक तालिम, योगा, मानवअधिकार शिक्षा, लागु औषध विरुद्धको सचेतना लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। कैदी वन्दीहरुको सीप र उद्यमशीलतालाई उपयोग गरी उत्पादित वस्तुहरुको बजारीकरण गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ।

१११) विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन संघ, प्रदेश, स्थानीय तह एवम् अन्तरप्रदेश, सरकारी तथा गैर-सरकारी संघ संस्थाबीच समुचित समन्वय कायम गरिनेछ। उद्धार एवम् राहत सामाग्रीको भण्डारण गर्न प्रदेश गोदाम घरलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। आपत्कालीन उद्धार कार्यलाई प्रभावकारी बनाउन प्रदेश तथा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

११२) संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई द्वन्द्वको पीडा कम गर्न **"द्वन्द्व पीडितका साथ प्रदेश सरकार"** भन्ने नाराका साथ द्वन्द्वपीडित परिवारहरूका लागि शिक्षा, स्वास्थ्य, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११३) राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको त्याग र बलिदानको सम्मान गर्न, द्वन्द्वको घाउ बिर्साउन र दिगो शान्ति कायम गर्न मद्दत पुग्ने गरी प्रदेश र स्थानीय तहको साझेदारीमा सम्वत् २०७९ सम्ममा द्वन्द्व प्रभावको प्रकृति अनुसार सवै स्थानीय तहमा शान्ति पार्क, स्मारक, शहीद तथा वेपत्ता प्रतिष्ठान, शान्ति संग्राहलय जस्ता **शान्ति स्मारक पूर्वाधार** निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११४) नेपालको संविधान, लोकतन्त्र, नागरिक अधिकार र कर्तव्य, विद्यमान कानुनी व्यवस्था तथा संघीयता कार्यान्वयन जस्ता

नागरिक शिक्षाका विषयमा सर्वसाधारण नागरिकलाई सुसूचित गर्न स्थानीय तहसँगको सहकार्यमा गाउँपालिका र नगरपालिकाका सबै वडा समेटिने गरी **"नागरिक शिक्षाका लागि प्रदेश जागरण अभियान"** सञ्चालन गरिनेछ।

११५) अध्ययन तथा अनुसन्धान पद्धतिमा आधारित भई सहभागितामूलक ढङ्गले कानुन निर्माण गर्ने प्रणालीको विकास गरिनेछ। आर्थिक वर्ष ०७६/७७ लाई कानुन तर्जुमा तथा कार्यान्वयन वर्षको रुपमा अगाडि बढाइनेछ।

११६) **"प्रदेश सरकारको पहिचान, निःशुल्क कानुनी जनसहायता अभियान"** भन्ने नाराका साथ सरकारमा कमजोर पहुंच भएका र विभिन्न किसिमले अन्यायमा परेका महिला, दलित र अपाङ्गता भएका व्यक्ति लगायतलाई स्थानीय तहको सेवा प्रवाहमा कानुनी र प्रशासनिक सहजीकरण गर्न प्रत्येक गाउँपालिकामा कानुनी सहजकर्ता खटाउने कार्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन गरी नगरपालिकाहरुमा समेत बिस्तार गरिनेछ।

११७) स्थानीय तहबाट सम्पादन हुने न्याय निरूपणको कार्यलाई छिटो, छरितो, भरपर्दो एवम् प्रभावकारी बनाउन स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूका लागि आवश्यक पूर्वाधार निर्माण सहित क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

११८) विभिन्न सञ्चार माध्यमहरू (रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन) को दर्ता, नवीकरण साथै अभिलेखीकरण गरी त्यस्ता संस्थाहरूको नियमन तथा व्यवस्थापन गर्ने कार्यलाई थप

प्रभावकारी बनाइनेछ। सूचना तथा सञ्चार प्रविधिमा आम नागरिकको पहुँच अभिवृद्धि गर्न **सञ्चार क्षेत्रको बिस्तार र सुदृढीकरण** गर्ने नीति अवलम्बन गरिनेछ।

११९) **सञ्चारकर्मीहरूको क्षमता विकास र पेशागत हकहित**को लागि उपयुक्त कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ। विभिन्न सञ्चार क्षेत्रमा कार्यरत **महिला सञ्चारकर्मीहरूका लागि पेशागत सुरक्षा** सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२०) राज्य विरुद्ध हुने गतिविधि, अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराधजन्य क्रियाकलाप, राजस्व छली, सार्वजनिक अपराध, प्राकृतिक स्रोत साधनको अनाधिकृत दोहन लगायतका गैरकानुनी कार्य नियन्त्रण गर्न एवम् त्यस्ता क्रियाकलाप सम्बन्धी सूचना सङ्कलन, अध्ययन, अनुसन्धान र तहकिकात गर्न **प्रदेश अनुसन्धान ब्युरो** गठन गरी कार्यान्वयनमा ल्याइनेछ।

१२१) मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्री वितरण तथा प्रयोग सम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ। विभिन्न क्षेत्रमा रहेको सिण्डिकेट एवम् कार्टेलिङ्ग, सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण, लागु औषध उत्पादन, ओसारपसार तथा बेचबिखन, जबरजस्ती चन्दा असूली लगायतका गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न आवश्यक प्रणालीको विकास गरिनेछ।

१२२) **"मानव सभ्यताको सम्मान; छुवाछुत र सामाजिक कुरीति विरुद्धको अभियान"** भन्ने नारालाई सार्थक तुल्याउन बोक्सा-

बोक्सी, छुवाछुत जस्ता सामाजिक कुरीति विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। बोक्सा-बोक्सी, बलात्कार, मानव बेचबिखन, घरेलु तथा लैङ्गिक हिंसा, बालबिवाह, बहुबिवाह लगायतका आपराधिक गतिविधि विरुद्ध कडा कारवाही गर्ने व्यवस्था मिलाइनेछ।

१२३) प्रदेश तथा स्थानीय तहका सबै सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका क्रियाकलापलाई पारदर्शी तुल्याई जनताको सुसूचित हुने हकको संरक्षण गर्न प्रदेश सूचनाको हक सम्बन्धी कानुन जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

**माननीय सभामुखज्यू**

१२४) सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **वित्तीय सुशासन रणनीति तथा कार्यविधि** एवम् **प्रदेश सार्वजनिक खर्च मापदण्ड** जारी गरी मापनयोग्य र नतिजामुखी तुल्याइनेछ।

१२५) प्रदेशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन प्रत्येक स्थानीय तह समेटिने गरी समपुरक तथा विशेष अनुदान लगायत पहिचान भई आएका स्थानीय तह पूर्वाधार विकास कार्यक्रम तर्फ सशर्त अनुदान समेतको माध्यमबाट कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१२६) जथाभावी बजेट विनियोजन हुन नदिन र बजेट तर्जुमालाई बैज्ञानिक तथा बस्तुनिष्ठ तुल्याउन निश्चित आधार र मापदण्ड सहितको **बजेट तर्जुमा निर्देशिका** तयार गरी कार्यान्वयनमा ल्याइनेछ। सानातिना आयोजनामा बजेट विनियोजन गर्ने परिपाटीलाई निरुत्साहित गर्न पचास लाख रुपैया भन्दा माथिका आयोजना मात्र छनौट गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ।

१२७) प्रदेश र स्थानीय तहको समग्र आय-व्ययको यथार्थ अवस्था आवश्यकता अनुसार स्वचालित रुपमा प्राप्त गर्न आय-व्ययको अभिलेख र प्रतिवेदन प्रणालीको विकास गरी प्रतिवेदन गर्ने कार्यमा संलग्न निकाय र पदाधिकारीलाई अभिलेख राख्न र समयमै प्रतिवेदन गर्न जवाफदेही तुल्याउने पद्दतिको विकास गरिनेछ। कानुनको परिपालना नगर्ने तथा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने राजश्व दाखिला नगर्ने स्थानीय तहलाई वित्तीय हस्तान्तरण र अनुदान निकासा हुन नसक्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

१२८) सवै स्थानीय तहमा बैङ्किङ सेवा पुऱ्याउने र प्रत्येक नागरिकको बैंक खाता हुने संघीय सरकारको घोषित नीतिलाई सघाउ पुग्ने गरी **“वित्तीय साक्षरताको आधार, बैङ्किङ प्रणाली मार्फत सबै कारोबार”** भन्ने नाराका साथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१२९) सरकारको राजस्व परिचालनलाई प्रभावकारी तुल्याउन राजस्वका दर र दायरा पुनरावलोकन गरी व्यवस्थित गरिनेछ। **राजस्व चुहावट नियन्त्रण रणनीति** जारी गरी राजस्व सङ्कलन कार्यलाई प्रभावकारी तुल्याइनेछ। सरकारलाई प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन, सवारी साधन, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, बिज्ञापन, मनोरञ्जन कर लगायतका राजश्व अनिवार्य रुपमा प्रदेश सरकारको कोषमा स्वचालित रुपमा जम्मा हुने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

१३०) विकास सहायता प्राप्ति र परिचालनलाई प्रदेशमैत्री तुल्याउन **प्रदेश विकास सहायता परिचालन नीति** तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी अभिलेख व्यवस्थित गरिनेछ। प्रदेशभित्र वित्तीय क्षेत्र परिचालनको सम्भावना सम्बन्धी अध्ययन कार्य शुरु गरिनेछ।

१३१) आर्थिक वर्ष ०७५/७६ को नीति तथा कार्यक्रमसँग अन्तरसम्बन्धित आयोजना तथा विविध कारणले कार्य सम्पन्न हुन बाँकी रहेका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइनेछ। त्यस्ता आयोजनाहरुलाई निरन्तरता दिंदा ती आयोजनाहरुको पुर्व निर्धारित लागत सीमा ननाघ्ने गरी आगामी वर्ष **क्रमागत आयोजनाहरुको** रुपमा सञ्चालन गरिनेछ।

**माननीय सभामुखज्यू,**

१३२) **"पर्यटन क्षेत्रको बिस्तार, प्रदेश समृद्धिको आधार"** भन्ने अवधारणालाई सार्थक बनाउन स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूमा एकीकृत र समन्वयात्मक रुपमा पूर्वाधार विकास गरी पर्यटन क्षेत्रलाई सुरक्षित, भरपर्दो र गुणस्तरीय बनाइनेछ। पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार विकास, होटल, रिसोर्ट आदि सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अङ्गिकार गरिनेछ। प्राकृतिक, ऐतिहासिक तथा मानव निर्मित सम्पदाहरुको संरक्षण र विकास गरिनेछ।

१३३) सन् २०२० देखि २०३० सम्मको अवधिलाई प्रदेश भ्रमण दशकको रुपमा मनाइनेछ।पर्यटन क्षेत्रको संस्थागत विकास, नियमन र प्रवर्द्धन गरी पर्यटन संस्कृतिको विकास गर्न **प्रदेश पर्यटन परिषद्** गठन गरिनेछ। संघीय सरकारले घोषणा गरेको **नेपाल भ्रमण वर्ष २०२०** लाई सफल बनाउन प्रदेश तहमा विभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१३४) संघीय सरकारसँगको समन्वयमा स्थानीय तहसँग सहकार्य र निजी क्षेत्रसँग साझेदारी गरी सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका तथा दोलखा जिल्लाको भिमेश्वर नगरपालिकाको संगमस्थल डांगडुङ्गे डाँडामा फिल्म सिटी निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

१३५) प्रदेशलाई वन पैदावरमा आत्मनिर्भर बनाइनेछ। **नयाँ वन व्यवस्थापन पद्धतिका** माध्यमबाट वन तथा जैविक विविधताको दिगो व्यवस्थापन र वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी रोजगारीका अवसरमा वृद्धि गरिनेछ। नरम काठको गुणस्तरमा बृद्धि गरी बहुउपयोगी तुल्याइनेछ। वन क्षेत्रलाई उद्योग तथा पर्या-पर्यटनसँग आवद्ध गरिनेछ।

१३६) नयाँ विरुवाको वृद्धिका लागि सिल्भिकल्चरमा आधारित वन व्यवस्थापन प्रणालीमा जोड दिइनेछ। वनमा ढलेका, सुकेका, वुढा तथा उमेर पुगेका रुखहरुलाई उपयोग गरी तिनको स्थानमा नयाँ वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ। सामुदायिक वनको कोषमा रहेको पच्चीस प्रतिशत रकम वन व्यवस्थापन कार्यमा परिचालन गर्ने मौजुदा व्यवस्थामा पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइनेछ।

१३७) वनजङ्गललाई आमजनताको जीवनपद्धतिसँग आवद्ध गर्न निजी वन, कृषि वन र प्राविधिक दृष्टिकोणले उपयुक्त तथा सीमान्तकृत वन क्षेत्रमा उपयुक्त प्रजातिको पकेट क्षेत्र पहिचान गरी आयमूलक वन विरुवा तथा फलफूल खेती गरिनेछ।गुणस्तरीय तथा बहुबर्षीय विरुवा उत्पादनका लागि प्रविधियुक्त वृहत् नर्सरी सञ्चालन गरिनेछ। विरुवा उत्पादन तथा खेती विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१३८) सामुदायिक विद्यालयमा **“एक विद्यार्थी, एक विरुवा रोपण”** कार्यक्रमलाई अभियानको रुपमा थालनी गरिनेछ। विद्यार्थीहरुलाई

लक्षित गरी वातावरण संरक्षण सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१३९) **"एक समूह, एक वन उद्यम"** कार्यक्रम मार्फत जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो संरक्षण तथा सङ्कलन र व्यवसायिक खेतीको विकास तथा विस्तार गरी उद्यमशीलतासँग आवद्ध गरिनेछ।

१४०) वन्यजन्तु संरक्षण गर्न तथा तिनको वासस्थान खण्डीकरण हुन नदिन जैविक मार्गको विकास र सीमसार क्षेत्रको संरक्षण गरी बासस्थान व्यवस्थापन गर्ने, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्ने तथा वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्ने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

१४१) जल, जंगल, जमिन लगायत प्राकृतिक श्रोतको दिगो संरक्षणका लागि संवेदनशील जलाधार क्षेत्रको पहिचान र वर्गीकरण गरी नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। जलाधार क्षेत्रको संरक्षणका लागि भू तथा जलाधार व्यवस्थापन कार्यक्रमको सेवा विस्तार गरिनेछ।

१४२) विद्युतीय आयोजनाको जलाधार क्षेत्र र शहरी खानेपानी जलाधार क्षेत्रको व्यवस्थापन गर्दै पानी संरक्षणका लागि पानी मुहान संरक्षण तथा संरक्षण पोखरी निर्माण गरिनेछ। चुरे, महाभारत तथा हिमाली क्षेत्रको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्न नागरिक सचेतनाका

साथै एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१४३) सम्भावित विपद् न्यूनीकरणका लागि संघीय सरकारसँग समन्वय गरी मौसम पुर्वानुमान र विपद् पूर्व जानकारी प्रणालीको बिकास गरी प्रयोगमा ल्याइनेछ। शहरी विकासका लागि वातावरणीय मापदण्ड तयार गरी लागू गरिनेछ। शहरी क्षेत्रमा **"एक घर, दुई विरुवा"** र सबै स्थानीय तहमा **"एक वडा, एक वगैंचा"** अभियान क्रमशः सञ्चालन गरिनेछ। दिगो विकासका लागि विकास र वातावरणबीच सन्तुलन कायम गरिनेछ।

१४४) नयाँ खोज तथा आविष्कारलाई प्रोत्साहन गरी उत्पादन र लगानीका क्षेत्रहरुमा विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरिनेछ। प्रदेश खाद्य प्रविधि तथा गुणस्तर प्रयोगशाला स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

१४५) **"हामी सबै उद्यमी"** भन्ने सोचका साथ वन तथा कृषिजन्य उद्योग एवम् हस्तकला तथा परम्परागत पेशागत उद्योगहरुको आधुनिकीकरण गर्न उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ। **"आयात प्रतिस्थापनको निकास, उद्योगको वैज्ञानिक विकास"** भन्ने नाराका साथ आयात प्रतिस्थापन गर्ने वस्तु तथा सेवाको पहिचान गरी त्यस्ता वस्तु तथा सेवाको उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। स्वच्छ प्रतिस्पर्धाको आधारमा सरल र सहज रुपमा व्यापार व्यवसाय गर्ने वातावरण सिर्जना गरिनेछ।

१४६) औद्योगिक क्षेत्र, औद्योगिक करिडोर र औद्योगिक ग्रामको विकास गरी लगानी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। औद्योगिक विकासका लागि भौतिक पूर्वाधार निर्माण र दक्ष जनशक्तिको उत्पादनमा जोड दिइनेछ।

१४७) औद्योगिक क्षेत्रहरुलाई संघीय सरकारको समन्वयमा प्रदेश सरकार मातहत ल्याउन पहल गरिनेछ। उद्योग स्थापनाको लागि जग्गा उपलव्ध गराउन सहयोग र समन्वय गरिनेछ। प्रदेशमा स्थापना हुने उद्योग कलकारखानाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि संघीय सरकारसँगको समन्वयमा निश्चित अवधिसम्मका लागि कर छुटलगायत आर्थिक सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१४८) भौगर्भिक अन्वेषण, अध्ययन तथा अनुसन्धान गरी खनिज पदार्थहरुको दिगो संरक्षण तथा उपयोग गरिनेछ। नदिजन्य पदार्थको अप्राकृतिक दोहनलाई नियन्त्रण गरिनेछ। निर्माण सामग्रीको रुपमा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवाको सहज आपूर्तिका लागि उत्खनन् गर्न उपयुक्त देखिएका स्थानवाट उत्खनन् तथा सङ्कलन गर्ने गरी व्यवस्थित गरिनेछ।

**माननीय सभामुखज्यू,**

१४९) संघीय सरकार तथा स्थानीय तहसँगको समन्वयमा कृषि भूमिको चक्लाबन्दी र एकीकरण गरी खाद्यान्न, तरकारी, नगदे बाली, फलफूल, मत्स्य, मासु, अण्डा, दूध, च्याउ, मह, जडीबुटी जस्ता कृषि उत्पादनको **“विशिष्टीकृत उत्पादन क्षेत्र”** निर्धारण गरिनेछ।

सहकारी, निजी, सामूहिक तथा करार खेतीमा आधारित एकीकृत कृषि प्रणालीलाई अभियानको रुपमा कार्यान्वयनमा ल्याइनेछ।

१५०) कृषिमा आत्मनिर्भर हुन तथा निर्यातयोग्य कृषि उपजहरूको उत्पादकत्व वृद्धि गर्न प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक-एक वटा कृषि फार्म स्थापना र सञ्चालन गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने नीति लिइनेछ।

१५१) आगामी तीन वर्षभित्र प्रदेशलाई फलफूल, तरकारी, पुष्प, मह, च्याउ, माछा, मासु, अण्डा र दूधमा तथा आगामी पाँच बर्षभित्र खाद्यान्नमा आत्मनिर्भर बनाउने दिशामा केन्द्रित भई कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१५२) कृषि उत्पादनलाई उत्पादन स्थलदेखि बजारसम्म पुऱ्याउन पहुँच स्थापित गर्ने गरी कृषि सडक निर्माण गर्ने कार्य अगाडि बढाइनेछ। प्रत्येक जिल्लामा कम्तीमा एक-एक वटा **एकीकृत कृषि पर्यटन कार्यक्रम** सञ्चालन गरिनेछ।

१५३) बाँझिदै गएको खेतीयोग्य जमिनलाई कृषि उत्पादनका लागि उपयोगमा ल्याउन बेरोजगार युवाहरुलाई परिचालन गर्न प्रोत्साहन गरिनेछ। कृषिमा आधारित विभिन्न फलफूल, दुध, दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न अनुदान प्रणालीलाई प्रतिफलमा आधारित बनाइनेछ।

१५४) सिंचित क्षेत्र बिस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न डिप बोरिङ्ग, लिफ्ट सिँचाइ, थोपा सिँचाइ, सोलार सिँचाइ जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। आकाशे पानी संकलन, भण्डारण, प्लाष्टिक

पोखरी, तालतलैयाको उपयोगद्वारा कृषियोग्य जमिनमा थप सिँचाइको सुविधा पुऱ्याइनेछ। प्राकृतिक ताल तलैया संरक्षण एवम् नयाँ ताल तलैया निर्माण गरी **मत्स्यपालन प्रवर्द्धन कार्यक्रम** सञ्चालन गरिनेछ।

१५५) कृषिमा रासायनिक मल तथा विषादी प्रयोग नभएको स्थल पहिचान गरी त्यस्ता क्षेत्रलाई प्राङ्गारिक कृषि क्षेत्र घोषणा गरिनेछ। **"जैविक उत्पादनको लहर, स्वस्थ जीवनको मूल आधार"** भन्ने सोच सहित बृहत्तर प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। आगामी पन्ध्र बर्षभित्र विषादीमुक्त र प्राङ्गारिक प्रदेशको रुपमा विकास गर्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१५६) विषादीयुक्त फलफूल तथा तरकारीहरूको उपभोगबाट सिर्जित स्वास्थजन्य समस्या सम्बोधन गर्न तथा हरित शहर निर्माणमा योगदान पुऱ्याउन शहरी क्षेत्रहरूमा उच्च प्रविधियुक्त **प्राङ्गारिक कौशी खेती कार्यक्रम** प्रवर्द्धन गरिनेछ।

१५७) स्थानीय स्रोत तथा सीपमा आधारित **"एक स्थानीय तह एक विशेष उत्पादन"** भन्ने यस वर्षको कार्यक्रमलाई प्रभावकारी तुल्याउन स्थानीय तह विशेष उत्पादनलाई सघाउ पुग्ने गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। नेपाल सरकारको **एक नेपाली एक फलफूल विरुवा** रोपण अभियानलाई सार्थक तुल्याउन विभिन्न प्रजातिका फलफूल विरुवा रोपण कार्यलाई विशेष प्राथमिकता दिई प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाउने तर्फ केन्द्रित गरिनेछ।

१५८) **“कृषि व्यवसायमा युवा स्वयंसेवक परिचालन”** भन्ने नाराका साथ आगामी वर्ष नमूनाको रुपमा स्थानीय तहमा युवाहरुलाई स्वयंसेवकको रुपमा समूहवद्ध गरी कृषि व्यवसायमा संलग्न गराई उत्पादन वृद्धि गर्न सहयोगका कार्यक्रम कार्यान्वयन गरिनेछ।

१५९) कृषि पेशालाई मर्यादित र आकर्षित तुल्याउन कृषक हकहितसँग सम्बन्धित कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। हरेक बर्ष उत्कृष्ट कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि पेशामा आवद्ध उद्योगीहरूलाई **“मुख्यमन्त्री कृषि पुरस्कार”** प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१६०) कृषक स्वास्थ बीमा, कृषि पकेट क्षेत्र तथा व्यवसायिक पशुपन्छीपालनलाई लक्षित गरी वीमा कार्यक्रम सञ्चालन गरिनेछ।कृषि प्राविधिक, बेरोजगार तथा विदेशबाट फर्केका युवाहरुलाई सरल ढङ्गबाट सस्तो ब्याजमा कृषि ऋण उपलब्ध गराउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

१६१) नेपालको संविधानमा उल्लिखित खाद्य सम्प्रभुताको हक कार्यान्वयन गर्न स्थानीय तहको समन्वय र सहकारितामा रैथाने प्रकृतिका खाद्यान्न उत्पादन तथा उपभोगको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१६२) सार्वजनिक तथा सरकारी जग्गा, सामुदायिक वन, निजी वन तथा राजमार्ग वरिपरिका क्षेत्रहरूमा फलफूल, चिउरी, अगरउड, रुद्राक्ष, बोधिचित्त जस्ता **बहु-उपयोगी वृक्षारोपण कार्य**लाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

१६३) कृषि औजार उत्पादन, कृषि उपज भण्डारण तथा प्रशोधन, कृषि थोक बजार तथा बिक्रीस्थल निर्माण जस्ता कार्यहरू सार्वजनिक-निजी-सहकारीका माध्यमबाट अगाडि बढाइनेछ। उत्पादन क्षेत्रलाई पायक पर्ने गरी प्रत्येक जिल्लामा कम्तीमा एक स्थानमा खाद्य भण्डार, शीत भण्डार र रस्टीक भण्डार निर्माण गरिनेछ ।

१६४) हिमाली क्षेत्रमा चौंरीपालन व्यवसायलाई प्रवर्द्धन गर्न **"चौंरी प्रजनन केन्द्र"** स्थापना गरिनेछ। चौंरीपालक कृषकहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ।

१६५) सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहभागितामा दूग्ध चिस्यान तथा प्रशोधन केन्द्र बिस्तार गरिनेछ। गुणस्तरीय खाद्य पदार्थको सुनिश्चितता गर्दै स्वस्थ जीवनको आधार निर्माण गर्न **प्रदेश खाद्य गुणस्तर परीक्षण संयन्त्र** स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

१६६) सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। छरिएर रहेको श्रम, सीप, पूँजी एवम् स्रोतलाई एकीकृत गर्दै आर्थिक समृद्धिका क्रियाकलापमा केन्द्रित गर्न सहकारीमा रहेको बचतलाई उद्योग व्यवसायमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

१६७) सहकारी क्षेत्रलाई कृषि वस्तु तथा सेवा उत्पादनका क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ। उत्पादन कार्यमा संलग्न सहकारी संस्थाहरूलाई क्षमता अभिवृद्धि, संस्थागत विकास तथा कृषि वस्तु उत्पादन, स्तरीकरण, भण्डारण तथा बजारीकरण गर्न थप प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१६८) संघीय सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी भूमिलाई बनौट, क्षमता र उपयुक्तताका आधारमा वर्गीकरण गरी सोही अनुसार भूमिको उपयोग गर्ने व्यवस्था मिलाइनेछ। समानता तथा औचित्यका आधारमा भूमिहीन, सुकुम्बासी तथा अव्यस्थित बसोबास गरिरहेका परिवार र गुठी जग्गाका समस्याहरु सम्बोधन गर्न संघीय सरकारसँग आवश्यक पहल गरिनेछ।

**माननीय सभामुखज्यू,**

१६९) **"शिक्षा स्वास्थ्यमा लगानी; समृद्ध प्रदेशको विहानी"** भन्ने नाराका साथ शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा बिभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१७०) **"प्रदेश सरकारको इच्छा, सम्पूर्ण बालबालिकालाई शिक्षा"** भन्ने नाराका साथ प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संविधानमा उल्लिखित शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनमा मद्दत पुग्ने गरी स्थानीय तहलाई सहयोग पुऱ्याउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रारम्भिक बाल शिक्षकहरुको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७१) **"गुणस्तरयुक्त शैक्षिक पूर्वाधार, प्रदेश समृद्धिको आधार"** भन्ने नाराका साथ प्रदेशलाई चाहिने प्राविधिक तथा साधारण सवै खाले जनशक्ति उत्पादन र उपयोग हुन सक्ने गरी जीवनोपयोगी, व्यवहारिक एवम् विज्ञान र प्रविधिमा आधारित शैक्षिक प्रणालीको विकास गर्न समन्वयात्मक रुपमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन

गर्ने व्यवस्था मिलाइनेछ। दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न **बहु-प्राविधिक महाविद्यालय** स्थापना गरिनेछ।

१७२) सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा देखिएको असन्तुलनलाई सम्बोधन गर्न विद्यालय तह मिलान, समायोजन एवम् नक्साङ्कन गर्ने कार्यमा स्थानीय तहलाई आवश्यक सहजीकरण तथा प्रोत्साहन गरिनेछ। प्रदेशभित्र एकीकृत शैक्षिक सूचना प्रणालीको विकास गरिनेछ। कक्षा १० को माध्यमिक शिक्षा परीक्षा व्यवस्थापनका लागि आवश्यक कानुनी र संस्थागत संरचनाको व्यवस्था गरिनेछ।

१७३) प्रदेशभित्र रहेको मानव संशाधनलाई प्रभावकारी उपयोग गर्न **रोजगार तथा स्वरोजगार कार्यक्रम** सञ्चालन गरिनेछ।

१७४) **"निरक्षरतामुक्त प्रदेश तीन, पूर्ण साक्षर भएको उज्यालो दिन"** भन्ने नाराका साथ पूर्ण साक्षर जिल्ला घोषणा हुन बाँकी रहेका दुई जिल्ला काठमाडौं र काभ्रेपलाञ्चोकलाई आगामी आर्थिक वर्षभित्र **पूर्ण साक्षर जिल्ला** घोषणा हुने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१७५) गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय तहका शिक्षकको क्षमता अभिवृद्धि गर्न शिक्षक व्यवस्थापन र तालिम सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

१७६) **"प्रदेश तीनको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा"** भन्ने नाराका साथ आगामी आर्थिक वर्ष लोपोन्मुख, अल्पसंख्यक र

अतिसीमान्तकृत वर्ग तथा समुदाय र हिमाली तथा बिकट पहाडी जिल्लास्थित सरकारी तथा सामुदायिक क्याम्पसमा अध्ययनरत गरीब तथा जेहेन्दार छात्रालाई स्नातक तथा स्नातकोत्तर तहको अध्ययनका लागि छात्रवृत्ति दिन **छोरी बुहारी छात्रवृत्ति कार्यक्रम निर्देशिका** जारी गरी कार्यान्वयनमा ल्याइनेछ। संस्थागत क्याम्पसहरुमा समेत यस प्रकारको अभ्यासलाई लागू गराउन आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ।

१७७) हिमाली, पहाडी एवम् विकट क्षेत्रका बालबालिकालाई विद्यालयमा पहूँच सुनिश्चित गर्न **आवासीय विद्यालय** र आवश्यकता अनुसार अन्य स्थानमा **प्राविधिक धारका विद्यालय र नमूना विद्यालयहरू** स्थापना गरी सञ्चालन गर्न सहयोग र सहजीकरण गरिनेछ।

१७८) विद्यालयतहदेखि नै राष्ट्रियता, मौलिक कला, संस्कृति र ज्ञानको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने तथा नैतिक शिक्षामा बल पुग्ने प्रकृतिका विषयहरूको पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१७९) प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालन गर्न नीतिगत तथा कानुनी व्यवस्था मिलाइनेछ। सामुदायिक क्याम्पसहरूको विकास एवम् सुदृढीकरणका लागि प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८०) नयाँ ज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र व्यवसायिक उपयोग गर्न नवप्रवर्तक व्यक्ति वा संस्थाहरूलाई **"युवा वैज्ञानिक प्रोत्साहन**

**कोष"** मार्फत उत्प्रेरित गरिनेछ। युवा नेतृत्व विकास र उद्यमशीलताका लागि **प्रदेश युवा परिषद् गठन** गरी कार्यान्वयनमा ल्याइनेछ।

१८१) **"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"** भन्ने सोचका साथ खेलकुद पूर्वाधारको क्रमशः विकास गर्दै लगिनेछ। एक जिल्लामा एक रङ्गशाला तथा एक निर्वाचन क्षेत्रमा एक कभर्डहल र खेल मैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। खेलाडीहरूको खेलकुद प्रतियोगितामा सहभागिता अभिवृद्धि गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

१८२) प्राकृतिक, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान, विकास, निर्माण, संरक्षण र प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशभित्र बोलिने भाषा, लिपि, कला, सम्पदा तथा सभ्यता र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। जिरेल, सुरेल, हायु, बनकरिया, चेपाङ्ग, थामी, लेप्चा लगायत अति सीमान्तकृत तथा लोपोन्मुख जाति-जनजातिको उत्थानका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१८३) निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन तथा स्वास्थ्य संस्थामा गुणस्तरीय औषधीको उपलब्धता सुनिश्चित गर्न संघीय सरकार र स्थानीय तहसँग समन्वय गरिनेछ।

१८४) नसर्ने रोगको समयमै पहिचान, उपचार र रोकथाम गरी आम नागरिकको जीवन रक्षा गर्न **मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण**

**कार्यक्रम**लाई बिस्तार गरिनेछ। आर्थिक वर्ष ०७६/७७ लाई **स्वास्थ्य परीक्षण बर्ष** घोषणा गरी तीस बर्ष माथिका विपन्न, अल्पसंख्यक तथा लोपोन्मुख जाति, शहीद तथा बेपत्ता परिवार, सशस्त्र द्वन्द्वका घाइते एवम् महिला स्वास्थ्य स्वयम् सेविकाहरुको निशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। आर्थिक अवस्था कमजोर भएका प्रदेशका स्थायी बासिन्दालाई स्वास्थ्य परीक्षणमा सहुलियत दिइनेछ।

१८५) संघीय सरकारसँगको समन्वय र सहकार्यमा प्रत्येक स्थानीय तहमा पन्ध्र शैयासम्मको अस्पतालको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गरिनेछ। आयुर्वेद केन्द्रलाई क्रमशः योग सेवा सहित पन्ध्र शैयासम्मको अस्पतालमा स्तरोन्नति गर्दै लगिनेछ।

१८६) प्रसूति सेवा केन्द्रलाई सुदृढीकरण गर्दै प्रदेश मातहतका सबै अस्पतालमा **वृहत आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा (CEONC)** लाई भरपर्दो तुल्याइनेछ। आङ खस्ने समस्याको रोकथाम तथा उपचारको व्यवस्थालाई सहज तुल्याइनेछ। कुपोषणको दर उच्च भएका स्थानका पाँच वर्ष मुनिका बालबालिकाहरूका लागि सञ्चालनमा रहेको पोषणसम्बन्धी विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८७) कलकारखाना र औद्योगिक प्रतिष्ठानमा काम गर्ने श्रमजीवीको कार्यस्थल सुरक्षित तुल्याउन व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१८८) सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्द्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गर्न **"एक विद्यालय, एक नर्स"** कार्यक्रमलाई बिस्तार गर्दै लगिनेछ। संस्थागत माध्यमिक विद्यालयहरुलाई अनिवार्य रुपमा **"एक विद्यालय, एक नर्स"** कार्यक्रम लागू गराउन नीतिगत व्यवस्था गरिनेछ।

१८९) सडक क्षेत्रमा हुने दुर्घटनाका घाइतेको शीघ्र उपचार तथा उपयुक्त अस्पतालमा पठाउने व्यवस्था मिलाउन सडक क्षेत्रको निश्चित दूरीमा **"दुर्घटना रेस्पोन्स सेन्टर"** को स्थापना गरिनेछ।

१९०) एकै ठाउँबाट स्वास्थ्य सेवा प्रवाहको जानकारी प्राप्त गर्न, स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको व्यवस्थापकीय सूचना प्राप्त गर्न र औषधी आपूर्ति एवम् भण्डारणको जानकारी प्राप्त गर्न स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

१९१) हेटौंडा अस्पताललाई **मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**को रुपमा विकास गर्न नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ। अस्पतालहरूमा क्रमशः विशिष्टिकृत स्वास्थ्य सेवा र सर्जरी सेवा बिस्तारको लागि पूर्वाधार विकास गर्दै लगिनेछ।

१९२) अस्पताल तथा स्वास्थ्य संस्थालाई स्वच्छ एवम् सफा राख्न र अस्पतालजन्य फोहोरमैलाको उपयुक्त विसर्जन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहसँग समन्वय र सहजीकरण गरी

शहरी क्षेत्रमा रहेको यस प्रकारको बढ्दो प्रदूषणलाई न्यूनीकरण गर्न प्रोत्साहन गरिनेछ।

१९३) स्वास्थ्य सेवाको सहज पहुँच तथा उपभोगका लागि **लोपोन्मुख, अति सीमान्तकृत तथा अति विपन्न समुदाय** लक्षित विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशभित्र निर्माण हुने भौतिक संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने व्यवस्था मिलाइनेछ।

१९४) बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री वातावरणको विकास र प्रवर्द्धन गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिनेछ। अभिभावकविहीन बालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षाका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१९५) **"प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश"** भन्ने सोचलाई सार्थक तुल्याउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा सम्बत् २०७८ सम्ममा बालविबाह मुक्त प्रदेश बनाइनेछ। सम्बत् २०८० सम्ममा सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्न प्रोत्साहन गरिनेछ।

१९६) **"प्रदेश तीनको सरोकार, महिलाहरुलाई सामाजिक र आर्थिक अधिकार"** भन्ने सोचका साथ महिलाहरूको सामाजिक र आर्थिक सशक्तीकरण गर्न लैङ्गिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरी सो अनुसारका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ।

१९७) **"लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता"** को नीति अवलम्बन गरी त्यस्ता कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ। लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसारमा परेका **महिला तथा बालबालिकाको उद्धार, पुनस्थापन तथा पारिवारिक पुनःएकीकरण**का लागि सघाउ पुग्ने गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१९८) विपद् तथा जोखिममा परेका महिला र बालबालिकाको संरक्षणका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ। किशोरीहरूको बहुआयामिक विकासका लागि **किशोरी विकास कार्यक्रम**लाई प्राथमिकता दिइनेछ। **दाइजोमुक्त प्रदेश निर्माण** अभियानलाई निरन्तरता दिइनेछ।

१९९) बेचबिखन र हिंसामा परेका महिलाको उद्धार गर्न, मनोसामाजिक परामर्श प्रदान गर्न, समाजमा पुनस्थापन गर्न र रोजगार स्वरोजगारमा आवद्ध गर्न **सुरक्षित गृह (सेफ होम)** को व्यवस्था गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२००) संघीय सरकार र स्थानीय सरकारसँग समन्वय गरी संरक्षणमा राख्नुपर्ने बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा मनोरोगीहरूको लागि संरक्षण गृह, दिवा सेवा केन्द्र, बृद्धाश्रम लगायतका संस्थागत संरचनाहरू व्यवस्थित गर्न विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। एकल महिला,

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्द्धन तथा सशक्तीकरण गर्न **समुदायमा आधारित पुनस्थापन कार्यक्रम** सञ्चालन गरिनेछ।

२०१) ज्येष्ठ नागरिकको सीप र अनुभवको सदुपयोग गरी सम्मान गर्न प्रदेशस्थित तेह्र वटै जिल्लामा स्थायी बसोवास गरिरहेका सत्तरी वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई लक्षित गरी विभिन्न क्षेत्रको सामाजिक र सांस्कृतिक अनुभवको जानकारी गराउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा **"ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम"** सञ्चालन गरिनेछ।

२०२) राष्ट्रिय व्यक्तित्वका नाममा स्थापित प्रतिष्ठान एवम् विभिन्न प्राज्ञिक प्रतिष्ठानको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक सहयोग पुर्‍याउन **प्रतिष्ठान उत्थान सहयोग कोष** खडा गरी कार्यान्वयनमा ल्याइनेछ।

२०३) स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश तीनलाई **सहयोगापेक्षी सडक मानवमुक्त** प्रदेश बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

२०४) प्रदेशभित्र सम्भावित स्थानको पहिचान गरी विद्युतीय शवदाह गृह निर्माण गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यमा निजी क्षेत्र, वित्तीय क्षेत्र र विभिन्न संघ-संस्थाहरुमा रहने **"व्यवसायिक सामाजिक उत्तरदायित्व निर्वाह कोष"** मार्फत लगानी गर्न उत्प्रेरित गरिनेछ।

२०५) प्रदेश सभा तथा प्रदेश सभा सदस्य आवास भवन, कार्यालय भवन लगायत पूर्वाधार निर्माण कार्यलाई पूर्णता दिन **प्रदेश सभा पूर्वाधार निर्माण कार्यक्रम** कार्यान्वयन गरिनेछ।

२०६) प्रदेश सभाका क्रियाकलापहरूलाई व्यवस्थित गरी भरपर्दो बनाउन सूचना प्रविधिमा आधारित कार्य सञ्चालन एवम् अभिलेख प्रणाली कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सभाका सदस्यहरुका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। अन्तरप्रादेशिक अध्ययन तथा अवलोकन भ्रमणलाई सिक्ने र सिकाउने अभ्यासका रुपमा विकास गर्दै लगिनेछ।

**माननीय सभामुखज्यू,**

**माननीय सदस्यहरु,**

२०७) यो नीति तथा कार्यक्रमको सफल **कार्यान्वयनबाट** प्रदेशको उन्नति, प्रगति र समृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु। यसबाट शासकीय उत्तरदायित्व, प्रशासनिक कार्यकुशलता र सेवा प्रवाहको प्रभावकारितामा अभिवृद्धि भई लोकतन्त्रको सुदृढीकरण हुँदै समाजमा दिगो शान्ति कायम गर्न मद्दत पुग्ने अपेक्षा गरेको छु।

२०८) विकास प्रणालीमा संघीय सरकार र स्थानीय तहसँगको सहकार्य तथा निजी र सहकारी क्षेत्रसँगको साझेदारीका माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको लक्ष्य हासिल भई **समाजवादउन्मुख अर्थतन्त्र निर्माणको आधारशीला** खडा गर्न प्रस्तुत नीति तथा कार्यक्रम सहायकसिद्ध हुनेछ भन्ने मेरो विश्वास छ।

२०९) यो नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नागरिकमा स्वामित्वभाव अभिवृद्धि भई नीतिगत, संरचनागत, कार्यगत र व्यवहारगत पक्ष स्वचालित हुन गई निर्दिष्ट लक्ष्य र उद्देश्य हासिल हुने विश्वास लिइएको छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बन्धित सबै क्षेत्र र पक्षबाट रचनात्मक सहयोग हुने अपेक्षा राखेको छु।

२१०) अन्त्यमा, प्रदेशलाई विकासको गतिमा अगाडि बढाउन योगदान गर्नुहुने प्रमुख प्रतिपक्षी दल लगायत सवै राजनीतिक दलहरूप्रति आभार प्रकट गर्दै विकास र व्यवस्थापनमा जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुहुने नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, विकास साझेदार, सञ्चार जगत, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी एवम् देश विदेशमा रहेका सम्पूर्ण प्रदेशवासीहरूलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद।